# दुई साक्षीहरू




मे ११, २०२४को निम्ति अध्याय ६




""घाँस सुकेर जान्छ, फुल
ओइलाउँछ, तर हाम्रो
परमेश्वरको वचन अनन्त
समयसम्म रहिरन्छ"
यशैया ४०:८ रूपान्तरित।

महान् सुधारवादी इसाईहरूको मृत्युपछि इसाई जगतमा थप सुधार निश्क्रिय भयो। सुधार गरिएका चर्चहरू ठण्डा वा चिसो हुन थाल्यो, हठी र औपचारिक धर्ममा लागेर अरूहरूप्रति असहिष्णुता वा कठोर देखाउन थाल्यो।

विश्वको राजनिति र दार्शनिक क्षेत्रहरूमा उथलपुथल हुन थालेको थियो। विश्वभरी अस्थिरता हुन थाल्यो। बिलायतमा नै धर्मको नाउँमा येशूका विश्वासीहरूलाई सास्ती दिन थालेकोले कतिपय मानिसहरू त्यहाँबाट भाग्नु पर्‍यो। तिनीहरूमा पिलग्रिमहरू स्वतन्त देश उत्तर अमेरिकामा सहयोगको निम्ति गएका थिए।.

युरोपमा त झन शङ्कट बढेर विद्रोहको चपेतामा पर्न थाल्यो। आधुनिक युरोपमा फ्रान्स नै पहिलो नास्तिक देश हुन पुग्यो।

त्यस समयसम्म परमेश्वरले दुई साक्षीहरूलाई सुरक्षित राख्नुभएको थियो। युरोपको इतिहासको ती निर्णायक वा महत्त्वपूर्ण क्षणहरूमा ती साक्षीहरूलाई के भयो त?





**दुई साक्षीहरू को हुन्?**

**तिनीहरूले कति लामो समयसम्म तिनीहरूका साक्षी दिए?**

**ऊ कसरी मऱ्यो?**

**तिनीहरूको पुनरुत्थान कहिले भयो र स्वर्मा उत्रे?**

**त्यस पछि के भयो?**

# दुई साक्षीहरू को हुन्?

""पृथ्वीका प्रभुको सामुन्ने खड़ा रहेका जैतूनका दुई रूखहरू र दुई सामदानहरू यी नै हुन्।" प्रकाश ११:४।

जैतूनका दुई रूखहरू र दुई सामदानहरू (प्रकाश ११:४) उल्लेख गर्दा हामीलाई जकरिया ४मा लेखिएको जकरियाको दिव्यदर्शनलाई औंल्याउँछ। यहाँ जैतूनका रूखरूले तेल उत्पादन गर्छन् र साथवाट सामदानमा भर्छन् (जकरिया ४:१-३,१२)

ती दुई रूखहरू अभिषेक गरिएका हुन्। सामदानसमेत भएका तिनीहरू परमेश्वरका वचन हुन् (जकरिया ४:६,१४)। ती पुरानो र नयाँ करार हुन्।.






# दुई साक्षीहरू को हुन्?





मोशा र एलियालाई प्रतिकको रूपमा प्रयोग गरेर प्रकाश ११ले ती दुई साक्षीहरू को हुन् भनेर वर्णन गरेको छः:

| तिनीहरूले भाङ्ग्राको लुगा लगाएका थिए (३) | तिनीहरू परमेश्वरका सामु खडा हुन्छन् (४) | यदि कसैले तिनीहरूलाई हानी गर्न चाहन्छ भने तिनीहरूमाथि आगो वर्षिने छ (५) | तिनीहरूले आकाशलाई बन्द गर्छ ताकि पानी नपरोस (६अ) | तिनीहरूले पानीलाई रगतमा परिणत गर्दछन् र महामारीहरूले पिरोल्नेछन् (६आ)) |
|---|---|---|---|---|
| सङ्कटका समयहरूमा बाइबललाई सुरक्षित राखिएको थियो। | परमेश्वरले आफ्नो वचन बिलाउन दिनुभएन | बाइबलका सन्देशहरूले उसका शत्रुहरूलाई सखाप पार्दछ (यर्मिया ५:१४)) | जसले बाइबललाई पढ्न अस्वीकार गर्छ उसमाथि पवित्र आत्माको पानीबाट बञ्चित गराएको हुन्छ (तेल) | जो मानिसहरू बाइबल अध्ययन गरे तिनीहरूलाई मात्र महामारी र आत्मिक अन्धकारबाट मध्यकालिन युगमा उद्धार गरिएको थियो। |

मोशा र एलियालाई जस्तै बाइबलले पनि ठुलो सतावट पाउनेछन्; नास्तिक सरकारसँग हामी भिंड्नुपर्नेछ। यसले उत्तेजनाले प्रज्ज्वलित पार्नेछ। भविष्यवाणी ठिक भएको इतिहासले अनुमोदन गर्दछ।


# तिनीहरूले कति लामो समयसम्म साक्षी दिए?

""मेरा दुई साक्षीहरूलाई एक हजार दुई सय साठी दिनसम्म भाङ्ग्राको वस्त्र लाएर अगमवाणी बोल्ने शक्ति म दिनेछु।"प्रकाश ११:३।

**"मेरा दुई साक्षीहरूलाई एक हजार दुई सय साठी दिनसम्म भाङ्ग्राको वस्त्र लाएर अगमवाणी बोल्ने शक्ति म दिनेछु।"प्रकाश ११:३।**


**स्वर्गको पवित्र मन्दिरको आँगन यस पृथ्वी हो, जहाँ अन्यजाति वा परमेश्वरलाई विश्वास नगर्नेहरूले पवित्र सहरलाई कुल्छन् वा ४२ महिनासम्म परमेश्वरका जनहरूलाई दवाउँछन् (पद २)।**

त्यस समय परमेश्वरको वचनले भाङ्ग्रा ओड्नेछ। यो अत्यन्तै सतावट वा कठिन समय हो (पद ३)। यो समय ४२ महिना (एक महिना बराबर ३० दिन) अर्थात १२६० दिन (भविष्यवाणीमा एक दिनको एक वर्ष हुन्छ अर्थात १२६० वर्ष)।



सन ५३८देखि रोमन क्याथोलिक चर्चले अलि अलि गरेर बाइबलमाथि परम्पराहरू लाड्न थालेका थिए। यतिसम्म कि बाइबल पढ्न पनि बन्देज लगाइएको थियो। बाइबल पढ्ने र बाइबलका शिक्षाहरूमा विश्वास गरेर बाच्न चाहनेहरूलाई मृत्यु दण्डको सजायँ त्यही रोमन क्याथोलिक चर्चले गरेको थियो।

त्यस समयको अन्तमा केही क्षणहरूसम्म सतावटबाट राहत मिलेको थियो (मत्ती २४:२२)।



# तिनीहरू कसरी मरे?

""तिनीहरूले आफ्नो गवाहीको काम सिद्धयाइसकेपछि अतल कुण्डबाट निस्किआउने त्यस पशुले तिनीहरूसँग लड़ाइँ गरी तिनीहरूलाई जितेर मार्नेछ।" प्रकाश ११:७।



प्रकाश ११:७मा उल्लेख गरिएको अतल कुण्ड सैतानका दुष्ट पतित स्वर्गदूतहरू रहने ठाउँ हो (प्रकाश ९:११;२०:१-३; लूका ८:३०-३१)। पशुले राजनैतिक वा धार्मिक शक्ति वा शासनलाई औंल्याउँछ (प्रकाश र दानिएलमा उल्लेख गरेका पशुहरूसँगै)।

**१२६० वर्षको अन्त्यमा वा सन १७९८को अन्त्यमा के शक्तिको उदय भएको थियो त?**

फ्रान्सको जन क्रान्ती सन १७९८मा सुरु भएको थियो त्यसबेला "आतङ्कको सरकार" (१७९३-१७९४)को उदय भएको थियो। त्यस सरकारको पर्दा पछाडि सैतान र उसका मतियारहरू थिए। त्यस सरकारलाई तीन तरिकाले सम्बोधन गर्दछ (प्रकाश ११:८):



*सोडोम: जनक्रान्ती ठुलो अनैतिकताको समयमा सुरु भएको थियो*



*मिश्र देश: नास्तिक सरकार (प्रस्थान ५:२)। तिनीहरूले फ्रान्समा स्थापना गरेको तर्कको देवीलाई पूजा गर्न त पन्छाएनन्*



*जहाँ येशूलाई क्रूसमा टाँगिएको थियो: येशूको बलिलाई अस्वीकार गरिने थियो*

**यस समयमा धर्म मान्ने अधिकारलाई रद्द गरिएको थियो र बाइबललाई बन्देज लगाएर सार्वजनिक रूपमै जलाएको थियो।**

“फ्रान्सको जुन नास्तिक शक्ति वा सरकार र आतङ्कको राजमा परमेश्वर र उहाँको पवित्र वचनसँग यस्तो महायुद्ध छेडेको थियो कि संसारले पहिला कहिल्यै पनि देखेको थिएन। राष्ट्रिय सभाले नै परमेश्वरको आराधना नगर्नु कानुन बनाइएको थियो। बाइबलहरूलाई जम्मा गरेर सार्वजनिक रूपैमा गिल्ला गरेर जलाएका थिए। परमेश्वरको दश आज्ञालाई मानिसहरूका खुट्टाले कुल्चेका थिए। बाइबलसँग सम्बन्धित कुनै पनि संस्था वा निकायहरूलाई गैर कानुनी घोषित गरिएको थियो। साबथको विश्रामबारलाई पन्छाइएको थियो। त्यसको बदलामा प्रत्येक दस दिनमा ईश्वरनिन्दा र रक्सी पिएर उत्सव मनाउन थालेको थियो। बप्तिस्मा र प्रभुभोज मनाउन बन्देज गरिएको थियो। मरेकाहरू चिर निन्द्रा पनि पर्छैन् भनेर लेखेर चिहानहरूमा राखिएको थियो।"

एलेन जी॰ हवाइट, द ग्रेट कन्त्रोभर्सी, पृ॰ २७६।)

# तिनीहरू कहिले पुनरुत्थान हुन्छ र स्वर्गमा जानेछन्?


"साढ़े तीन दिनपछि परमेश्वरबाट आएको जीवनको सास तिनीहरूभित्र पस्यो, र तिनीहरू आफ्ना गोडामा खड़ा भए, अनि तिनीहरूलाई देख्नेहरूमाथि ठूलो डर छायो।" प्रकाश ११:११।




सन १७९३को नभेम्बर २६, १७९३मा फ्रान्सको राजधानी पेरिसमा धर्मलाई मान्ने बन्देज लगाइयो। तर जुन १७,१७९७मा त्यो बन्देज हटाइएको थियो। यो समय तीन वर्ष छ महिनाको थियो। धर्मको निरङ्कुसताबाट स्वतन्त्र भएकोले फ्रान्सले खुशियाली मनाएको थियो। फ्रान्सले बाइबलको आवाजलाई मत्थर बनाएकोले खुशी भएको थियो (प्रकाश ११:९-१०)।

तर बाइबलको आवाजाई शान्त गर्नुको सट्टा वा बाइबललाई नाश गर्नुको सट्टा बाइबल पहिलेको भन्दा जबर भएर उदय भयो। सुधारवादी वा प्रोटेस्टेन्ट मिसनहरूले संसारका कुना काप्चामा सुसमाचार पुऱ्याउन थालेका थिए (प्रकाश ११:११)।

बिलायतका प्रधानमन्त्री विलियम विलवरफोर्सले सन १८०४मा पहिलो बाइबल सोसाइटीको स्थापना गरे। त्यहाँबाट बाइबललाई सामूहिक रूपमा वितरण गरियो। भएको बाइबल हजारौं प्रतिलिपिमा छापियो। संसारका सबभन्दा बेसी बेसी पढ्ने पुस्तक बाइबल नै ठहरिन पुग्यो। अहिले परमेश्वरको वचनलाई वितरण गर्न रोक्न सकिएको छैन। बाइबल यस्तो परिस्थितिमा परमेश्वरले राख्नुभएको छ कि त्यसलाई कसैले पनि नाश गर्न सक्दैन (प्रकाश ११:१२)।



# पछि के भयो?

""स्वर्गमा परमेश्‍वरको मन्दिर खोलियो, र उहाँको मन्दिरभित्र उहाँका करारको सन्दूक देखियो। बिजुलीका चमक देखिए। आवाज र मेघ गर्जनहरू सुनिए। भूकम्प गयो र ठूला-ठूला असिना परे।" प्रकाश ११:१९।


## दुई साक्षीहरूका पुनरुत्थान पछि ब्रम्हाण्डिय युद्धको अन्तिम युद्ध सुरु हुन्छः समयको अन्त

यो समय येशूको दोस्रो आगमनले समापन हुनेछ। यस संसारका सारा राज्यहरू येशूका हुनेछन्। उहाँले अनन्त समयसम्म राज गर्नुहुनेछ (प्रकाश ११:१५)।


राष्ट्रहरूप्रति क्रोध बज्रिएर त्यो समय अघि बढ्नेछ र यस संसारलाई नाश गर्न खोज्नेहरूलाई नाश गरेर युगको अन्त्य हुनेछ (प्रकाश ११:१८)।

ती सबै घट्नाहरू स्वर्गमा आराधना गरिने सन्दर्भको परिवेशमा हुनेछन् (प्रकाश ११:१६-१७)। परमेश्वरको मन्दिरमा भएको करारको सन्दुक जसमा दश आज्ञाहरू छन्, त्यसको दिव्यदर्शन दिएर वर्तमान युगको अन्त्य हुनेछ (प्रकाश ११:१९)।

न्यायको समय आउँछ (प्रकाश ११:१८)। त्यो न्याय सारा संसारको सामु करारको सन्दुकमा भएको दश आज्ञाकै आधारमा हुनेछ।



“"परमेश्वरको वचनलाई सत्य रूपमा खोजी खोजी गर्ने प्रत्येक भक्तको साथमा पवित्र आत्माले साथ दिन्छ। बाइबलमा लुकिएका बहुमूल्य मणिहरू पत्ता लगाउन तिनीहरू सामर्थ हुनेछन्। जब बाइबल पढ्छन् तब परमेश्वरबाट आत्मज्ञानको ज्योति पाठकको दिमागमा चम्किनेछ। त्यहाँ उघारिएको सत्यलाई नयाँ छाप र ताजा महत्त्वले उजागर गरिनेछ। पहिला कहिल्यै पनि नभएको आनन्दले त्यो व्यक्ति भरिनेछ। परमेश्वरको शान्ति उसमाथि हुनेछ। सत्यको बहुमूल्यलाई पहिला कहिल्यै पनि नभएको महसुस गरिनेछ। स्वर्गको ज्योति परमेश्वरको वचनमा चम्किनेछ ताकि प्रत्येक अक्षर सुनले पोटेको जस्तै हुनेछ। परमेश्वर आफै मानिसको हृदयमा बोल्नुहुनेछ। उहाँको वचनलाई उहाँले आत्मा र जीवन दिनुहुनेछ।"




एलेन जी० ह्वाइट, रिफ्लेक्टिङ्ग क्राइष्ट, अप्रिल १४।14)